स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड सुपरस्टार सलमान खानको यस वर्ष अर्थात् २०२४ मा कुनै फिल्म प्रदर्शन हुने छैनन् । आगामी वर्ष (२०२५) को इदमा भने उनको महत्वाकांक्षी फिल्म 'सिकन्दर' प्रदर्शनमा आउने निश्चित भइसकेको छ। यो फिल्ममा सलमानको जोडी 'एनिमल' अभिनेत्री रश्मिका मन्दानासँग बाँधिनेछ । उनीहरुले पहिलोपटक एकसाथ काम गर्न लागेकाले दर्शकमा पनि फिल्मप्रति उत्साह बढेको छ । अब फिल्ममा भिलेनको पनि टुंगो लागेको छ ।

**आजको विचार...**



डा. मित्र पाठक

बाँकी... (दुई पेजमा)


जुलाई २६ बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "ईश्वर"को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य अभिनेता पृथ्वीराज प्रसाईं र अभिनेत्री अनु शाह प्रस्तुत छन् । दुवै रोमान्टिक भावमा देखिएका छन् । अनु र पृथ्वीले यो फिल्मबाट करिब ५ वर्षपछि कमब्याक गरेका हुन् । दिव्या कंगना फिल्मस्को प्रस्तुतिमा हरिबहादुर थापाको निर्माण रहेको फिल्ममा सुनिल थापा, माओत्से गुरुङ, शिशिर बाङ्देल, द्रुव थापा, रविन्द्र झा, बुद्धि तामाङ, सविन बास्तोला, कृष्टि गुरुङ, गीता अधिकारी लगायतको अभिनय छ ।



❒ वर्ष २९ ❒ अंक २९९ ❒ २०८१ जेठ १६ गते बुधबार 29 May 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### करेन्ट लागेर एक जनाको मृत्यु



**कृष्णनगर (कपिलवस्तु),** जेठ १५/कपिलवस्तुको यशोधरा गाउँपालिका-६ रङपुरमा ट्रान्सफर्मर बनाउने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।

नेपाल विद्युत् प्राधिकरण तौलिहवा वितरण केन्द्रमा कार्यरत ज्यालादारी कर्मचारी यशोधरा-२ गणेशपुरका ३२ वर्षीय हरिसचन्द्र मिश्रको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सोमबार हावाहुरीसँगै आएको पानीले गर्दा रङ्पुरमा रहेको ट्रान्सफर्मर बिग्रिँदा विद्युत् अवरुद्ध बनेको थियो । सोही ट्रान्सफर्मर बनाउने क्रममा करेन्ट लागेर मिश्रको मृत्यु भएको विद्युत् प्राधिकरण तौलिहवा वितरण केन्द्रले जनाएको छ ।**-रासस**

# सरकारले ल्यायो १८ खर्ब ६० अर्बको बजेट

## यस्ता छन् बजेटका पाँच प्राथमिकता

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ १५/सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेट ल्याएको छ । मंगलबार अर्थमन्त्री वर्षमान पुनले संसदमा बजेट वक्तव्य प्रस्तुत गर्दै आगामी आर्थिक वर्षका लागि सो बजेट विनियोजन गरेको बताएका हुन् । कूल विनियोजनमध्ये चालुतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड (६१ दशमलव ३१ प्रतिशत), पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड (१८ दशमलव ९४ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ तीन खर्ब ६७ अर्ब २८ करोड (१९ दशमलव ७४ प्रतिशत) बजेट विनियोजन गरिएको छ ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड र वैदेशिक अनुदानबाट ५२ अर्ब ३३ करोड व्यहोरिने छ र बाँकी वैदेशिक ऋणबाट दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट तीन खर्ब ३० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने अर्थमन्त्री पुनले बताए ।

सार्वजनिक बजेटमा ५ प्राथमिकता तय गरिएको छ । जसमा आर्थिक सुधार निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,समावेशिता र सामाजिक सुरक्षा, र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार रहेका छन् । सरकारले आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गरेको छ । अर्थमन्त्री वर्षमान





पुनलेसार्वजनिक वित्तमा असन्तुलन देखिएको, सार्वजनिक ऋण बढ्दै गएको, पुँजीगत खर्च हुन नसकेको, लक्ष्यअनुसार राजस्व उठ्न नसक्नुलगायत वर्षौंदेखि अर्थतन्त्रमा देखिएका समस्या निराकरणका लागि सुधारका नयाँ कार्यक्रममार्फत समृद्धिको आकांक्षा पूरा गर्ने गरी बजेट ल्याइएको बताए । सरकारले कृषिमा लगानी बढाउन २०८१ देखि २०९१ सम्म कृषि दशक मनाउने घोषणा गरेको छ । अर्थमन्त्री पुनले सरकारी सहकारी र निजी साझेदारीबाट कृषिमा लगानी बढाउन दशकको घोषणा गरिने बताए । त्यस्तै उनले कृषिको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिने बताए । यस्तै आगामी आर्थिक वर्षमा मुलुकको राष्ट्रिय प्रणालीमा चार हजार पाँच सय मेगावाट बराबरको बिजुली उपलब्ध हुने प्रक्षेपण गरिएको छ । अर्थमन्त्री पुनले आर्थिक वर्षमा नौ सय मेगावाट बिजुली थप हुने उल्लेख गरे । ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै कूल जडित क्षमता बढ्ने बजेटमा उल्लेख छ । हाल प्रतिव्यक्ति विद्युत् खपत क्षमता तीन सय ८० किलोवाटबाट बढाएर चार सय ५० किलोवाट बराबर पुग्ने छ । यस्तै, आगामी आर्थिक वर्षदेखि नेपालको बिजुली बङ्गलादेश पुर्‍याइने छ । भारतमा मात्रै निकासी भइरहेको बिजुली बङ्गलादेश पुगेपछि नेपालको बिजुली क्षेत्रीय बजारमा प्रवेश गर्नेछ ।

*-बाँकी अन्तिम पेजमा*

# प्रतिपक्षसँग सरकार झुक्यो, संसदीय समिति गठन गर्न सहमति

**पाल्पा,** जेठ १५/सरकार प्रमुख प्रतिपक्षी दलको माग सम्बोधन गर्न झुकेको छ । सहकारी ठगी प्रकरणमा मुछिएका उपप्रधान तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध सदन र सडक दुवै स्थानमा आवाज बुलन्द हुँदै गएपछि सरकार अन्तत: झुकेको हो ।

सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठन गर्न सहमत भएको छ । नेपाली कांग्रेसले सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछाने जोडिएको भन्दै संसदीय छानबिन समिति गठन माग राखेर लगातार संसद् अवरोध गर्दै आएको थियो । संसद् अवरुद्ध भइरहे मंगलबार बजेट प्रस्तुत गर्ने कार्यक्रम समेत प्रभावित हुन सक्ने भएकाले सरकार छानबिन समिति गठन गर्न सोमबार नै राजी भएको हो । सरकार र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसबीच भएको सहमतिले मंगलबार मात्र औपचारिकता पाएको छ । सोमबार दलहरुको बैठकले ७ सदस्यीय संसदीय छानबिन समिति बनाउने सहमति गरेको थियो । समितिमा पाँच दलका प्रतिनिधि रहने समझदारी सोमबार नै भएको हो । जसमा एमाले र कांग्रेसबाट दुई/दुई जना,



माओवादी, रास्वपा र राप्रपाबाट एक/एक जना रहने सहमति भएको छ । संसदीय छानबिन समिति गठनमा सहमति भएपछि संसद्को गतिरोध अन्त्य भएको छ ।

संसदीय छानबिन समिति गठनका लागि बनेको कार्यदलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिवेदन बुझाएको छ । प्रधानमन्त्री सचिवालयका अनुसार संसदको गतिरोध अन्त गर्नका लागि राजनैतिक सहमति निर्माण र संसदीय समितिको कार्यादेश निर्माणका लागि गठित कार्यदलले प्रधानमन्त्रीलाई कार्यकक्ष सिंहदरबारमा प्रतिवेदन बुझाएको हो । कार्यदलमा ४ बुँदे सहमति भएको छ । जसमा समग्र सहकारीको संरचनात्मक समस्या हेर्ने, समस्याग्रस्त सहकारीको विषय हेर्ने, गोरखा मिडिया नेटवर्कसँग सम्बन्धित व्यक्तिमाथि छानविन गर्ने, गोरखा मिडिया नेटवर्कमा पैसा गएका सहकारीको छानबिन गर्ने रहेका छन् ।

कांग्रेसले सहकारी प्रकरणमा संसदीय छानबिन समिति गठनको माग नछाडेपछि सरकारले संसद्को हिउँदे अधिवेशन वैशाख २ गते अन्त्य गरेको थियो । यसबाट रुष्ट कांग्रेसले संसद्को हिउँदै अधिवेशनका बैठक अवरुद्ध गर्नुको साथै सडकबाट समेत विरोध जनाउन थालेपछि सरकार थप दबाबमा परेको थियो । संसदीय छानबिन समिति गठनको विषयलाई लिएर प्रतिनिधिसभाका बैठकमा सत्तापक्ष र प्रतिपक्षबीच धकेलाधकेलको अवस्था समेत सिर्जना हुन पुगेका दृश्यहरु बाहिर आएका थिए । यस्ता घटनाले सत्ता र प्रतिपक्षी दुवैलाई गम्भीर रूपले सोच्न बाध्य बनायो । जसले गर्दा सत्ता पक्ष प्रतिपक्षको मागअनुसार संसदीय छानबिन समिति बनाउन तयार भएको हो ।

**बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

**सन्तोष चलचित्र मन्दिरमा...**




जेठ १० गतेदेखि भव्यताका साथ प्रदर्शन भइरहेको सुपरहिट नेपाली चलचित्र **'फर्किफर्कि'** र नेपाल अधिराज्यभर अपार सफलतापूर्वक सञ्चालनमा आएको चलचित्र **'पुजार सार्की'** चलिरहेको जानकारी गराउँदछौं । उक्त चलचित्र हेर्न स-परिवार पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहुन अनुरोध गर्दछौं।

**शो समय :**
***फर्किफर्कि :*** *पहिलो शो : ११:३० बजे*
***पुजार सार्की:*** *दोस्रो शो : २:३० बजे र साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महिनावारीमा विभेद नगरौं

महिनावारी भनेको महिलाको शारीरिक परिवर्तनमध्येको एक परिवर्तन हो । यो महिलाका शरीरमा भएका हर्मोनको मात्रामा आउने परिवर्तनको कारणले हुने गर्छ । महिनावारी प्राकृतिक सरसफाइ प्रक्रिया हो र महिनावारी हुनु भनेको एउटी केटी हरेक महिना गर्भवती हुन तयार हुने संकेत हो । नेपाली समाजमा महिनावारीलाई 'छुई हुनु', 'पर सर्नु', 'पाखा लाग्नु', 'पन्छिनु', 'बाहिर सर्नु पनि भन्ने गरिन्छ । केही ठाउँहरुमा महिनावारी भएका बेला महिलाहरूलाई छाउगोठमा बस्नुपर्ने बाध्यता मात्रै छैन विभेद समेत सहनुपरेको छ । संविधानले महिलालाई विभेदरहित बाँच्न पाउने अधिकार सुनिश्चित गरेको भएपनि अझै पनि अधिकांस महिलाहरु विभेदको सामाना गर्न बाध्य छन् । पूजापाठमा सहभागी हुने वा मन्दिर जाने त परै घरभित्रै पस्न पनि महिलालाई निषेध छ । आरामको जरुरी पर्ने यस्तो बेला घरबाहिरको काममा भने महिला लादिन विवश पारिन्छन् । यो अत्यन्त दुखको कुरा हो ।

उमेर बढ्दै जाँदा किशोरी अवस्थामा हरेक स्त्रीको रजस्वला हुनु प्राकृतिक कुरा हो । तर सामान्य प्राकृतिक कुरामा पनि यति ठूलो अन्धविश्वास छ कि त्यसैकारण छुवाछूत विभेद गरिन्छ । अनि महिला पानी ओसार्न टाढाटाढा जानुपर्ने, मेलापातमा भारी काम गर्नुपर्ने हुँदा झन् विभिन्न रोगको सिकार बन्छन् । अझ छाउगोठमा बस्दा चिसोले र सर्पले टोकेरै ज्यान गएका थुप्रै उदाहरण पनि छन् । महिनावारीमाथि अझै अन्धविश्वास राख्नु हाम्रो समाज अविकसित हुनुको एउटा द्योतक हो । महिनावारी हुँदा विभेद गर्ने वा सामाजिक बहिष्कार गर्नेमाथि कानुनी प्रबन्ध हुँदाहुँदै अझै पनि अन्धविश्वास नहट्नु भनेको कानुनी कारबाही फितलो हुनु त हुँदै हो, सबैभन्दा ठूलो कुरा चाहिँ चेतनाको उज्यालोले नछुनु हो । यसर्थ महिनावरीको अवस्थालाई स्वभाविक प्रक्रियाको रुपमा लिएर महिलाहरु सम्मानजनक रुपमा समाजमा बाच्न पाउने अधिकार सुनिश्चित गर्ने विषयमा तीनै तहका सरकार र नेपाली समाजले सोच्न जरुरी छ ।

## Opinion @ Social Network

सत्यमार्ग नहिड्ने उही हुन्छ, जो सधैंको गतिछाडा बन्दछ,
ज्ञान उसको तब जोखिन्छ, जब विवेकले स्वयं झुक्दछ ।

*(कमला न्यौपानेकोफेसबुकस्टाटस https://www.facebook.com/Kamala.1234)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाँझो जग्गामा सुन झैं पहेंलै रिठ्ठा फलाऔं



डा. मित्र पाठक

> *नेपालको पूर्वदेखि पश्चिमसम्म पहाडी क्षेत्रका वन र पाखो बारीमा पाइने रिठ्ठो चार दशक अघि गाउँघरमा डाले घाँस र नुहाउनका लागि प्रयोग हुने गर्दथ्यो तर अहिले भने वनमा कम र निजी जग्गामा बढी हुन थालेको छ पैसा फलाउने रूख बनेर । एकपटक बिरुवा रोपेर हुर्काएपछि २०औं वर्षसम्म निरन्तर फलिरहने हुँदा किसान थप आकर्षित हुँदैछन् । प्रदेश ६ र ७ का पहाडी जिल्लाहरू रिठ्ठाका लागि उर्बर भूमि साबित भएका छन् ।*

देशको नेतृत्व कुर्सीको स्वार्थमा लाजपचाएर दन्तबजान गरिरहँदा, स्टन्टमा रमाइरहँदा र ठूलो युवा जनशक्ति विदेश पलायनका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दिनहुँ बोर्डिङ पास लिन व्यस्त भइरहँदा एउटा अभियानको खाँचो देशलाई माया गर्नेहरूले चलाउनुपर्ने हो, आत्मनिर्भर नेपालको अभियान । तर, सुकिलोमुकिलो भएर संघ र प्रदेशका राजधानीतिर, स्थानीय चोकतिर अनि चियापसलतिर पनि कार्यक्रममा भाषण दिन र फाल्तु बसाइमा पनि गफ दिन भ्याई-नभ्याई छ हामी सबैलाई ।

विदेश जानेका कथा अर्कै छन् आफ्नो र परिवारको पापी पेटका लागि घण्टा गनेर म्यानेजर र सुपरभाइजरका चित्त बुझाउन व्यस्त छौं हामी । कर्मचारीको तलब पाकेकै छ । योजना बनाउने, कार्यक्रम बनाउनेहरू सिंहदरबार भित्रैबाट कालो कुर्सीमा घुमेर भनसुनकै भरमा कम्प्युटरमा कार्यक्रमका प्राथमिकता काँटछाँटमै व्यस्त छन् । तर गाउँ, दूरदराजको अवस्था विकराल, टिठलाग्दो छ । उब्जेको अपर्याप्त अन्नले धेरैमा कुपोषण छ । कतिलाई आफ्ना बच्चा स्कूल पठाउनै धौ-धौ छ ।

पठाएकालाई पनि १०-१२ पास भएपछि कालापहाड या खाडी कता लखेट्ने हो त्यही चिन्ता छ । स्थानीयस्तरमा नङ्गा खियाएर बेची-खानेहरूको उत्पादन बिचौलियाको फन्दामा छ । निरीह बनाइएका जनता स्थानीय सरकारको मुख ताकेर बाटो हेरेर बसिरहेका छन् । स्थानीय तहको प्राथमिकता प्रत्यक्ष आय आर्जनका लागि शिक्षा र सर्वसुलभ स्वास्थ्यसँग कमै जोडिएका छन् । पाँच वर्षमा आफ्ना जनताको प्रतिव्यक्ति आय कति बनाउने ? कतिलाई रोजगारी दिने ? कति नयाँ उद्योग खोल्ने या देशमै कच्चा पदार्थ प्रशस्त भएर पनि बन्द भएका कति उद्योग खुलाउने ? कतिलाई स्वयं आत्मनिर्भर बनाउने ? सीपमूलक तालिम कतिलाई दिने ? आफ्नो स्थानीय तहमा कति प्राविधिक शिक्षालयहरू बनाउने वा थप्ने ? यसका अलावा अनुसन्धान विकासको मेरुदण्ड भन्ने बुझेर अनुसन्धानका विभिन्न क्षेत्रमा बजेट कति छुट्याउने हो, यस्ता खाले बहस निकै कम सुनिन्छन् संघ, प्रदेश र स्थानीय तहमा पनि ।

यस सन्दर्भमा बहुमूल्य जडीबुटीहरूको तथा आर्थिक महत्वका रूख प्रजातिको व्यापार एवं खेतीबाट पनि जनतालाई सबल, सक्षम र आत्मनिर्भर बनाउन सकिन्छ भनेर सुरु गरिएको सचेतनाको यो पहलकदमीमा यसपटक विश्व बजारका महँगा साबुन र स्याम्पु बनाउन प्रयोग गरिने मूल्यवान् तर हामीले कौडीको भाउमा रमाएर बेचिराखेको रिठ्ठाको खेती र बजार सम्भावनाको बारे व्याख्या गरिएको छ ।

**वानस्पतिक परिचय**

वैज्ञानिक नाम स्यापिन्डस मुकोरोसीले चिनिने रिठ्ठा स्यापोन्डेसी परिवारमा पर्ने पतझड प्रकृतिको सानो तथा मझौला प्रकारको रूख हो । भित्रीमधेशको ५०० मिटरदेखि १५०० मिटरसम्म राम्रो हुर्किने र फल्ने रिठ्ठा दक्षिण र पश्चिम फर्केका सुख्खा पाखा मन पराउने बहुउपयोगी गुणको हुन्छ । घाम लाग्ने रापिलो ठाउँ पाए दुई हजार मिटरसम्म पनि हुर्केको भेटिन्छ ।

**प्रयोग तथा खेती**

नेपालमा परम्परादेखि माछा मार्न विषको रूपमा प्रयोग गरिँदै आएको यो वनस्पतिको फल पछिल्ला दिनहरूमा साबुन, स्याम्पु, आयुर्वेदिक औषधि, कस्मेटिक सामान लगायतका वस्तुहरू उत्पादन गर्न प्रयोग गर्ने मुख्य कच्चा पदार्थ हो । उदयपुर लगायत पूर्वतिर उत्पादित रिठ्ठा पनि नेपालका विभिन्न शहर हुँदै भारतसम्म बढी निकासी हुने गरेको पाइन्छ । अहिले यसको माग समेत बजारमा बढेको छ । युरोप र अमेरिकामा केमिकल मिसिएका साबुन प्रयोग नगर्न नेचुरल बाथका लागि रिठ्ठा उनीहरूको रोजाइमा पर्ने गर्छ । कपडा धुँदा पनि सीधै वासिङ मेसिनमा रिठ्ठाको बोक्रा हालेर धुने गर्छन् ।

यो भन्न सकिन्छ कि नेपालमा पहिले पहिले गाउँघरमा प्रयोग हुने विधि विकसित देशहरूले केमिकलबाट बच्न बल्ल अहिले अपनाउँदै छन् । बंगलादेशमा हुने यसको बढी प्रयोग बहने माछा मार्नलाई हो । विशेषगरी माछा मार्न प्रयोग गरिने गड्यौला बस्ने प्वालमा रिठ्ठा मिसिएको झोल राखिदिएर गड्यौला बाहिर निकाल्ने र त्यसलाई माछा मार्न प्रयोग गर्ने गरेको बंगलादेशमा सुगन्धित तेल तथा रिठ्ठा निकासी गर्दै आउनुभएका व्यवसायी गोविन्द खनाल बताउँछन् । आजभोलि देशका विभिन्न जिल्लाका किसान वन पैदावार अन्तर्गत पर्ने रिठ्ठाको व्यावसायिक खेती गर्न आकर्षित हुँदै गएका छन् ।

नेपालको पूर्वदेखि पश्चिमसम्म पहाडी क्षेत्रका वन र पाखो बारीमा पाइने रिठ्ठो चार दशक अघि गाउँघरमा डाले घाँस र नुहाउनका लागि प्रयोग हुने गर्दथ्यो तर अहिले भने वनमा कम र निजी जग्गामा बढी हुन थालेको छ पैसा फलाउने रूख बनेर । एकपटक बिरुवा रोपेर हुर्काएपछि २०औं वर्षसम्म निरन्तर फलिरहने हुँदा किसान थप आकर्षित हुँदैछन् । प्रदेश ६ र ७ का पहाडी जिल्लाहरू रिठ्ठाका लागि उर्बर भूमि साबित भएका छन् ।

**बजार मूल्य**

सरकारी तथा गैरसरकारी तथ्यांक अनुसार देशबाट विश्वका विभिन्न मुलुकमा रिठ्ठा निर्यात भइरहेको छ । रिठ्ठाको मुख्य निकासी हुने देश भारत हो। भारत बाहेक बङ्गलादेश, आसपासका अन्य देश हुँदै युरोप र अमेरिकामा पनि यसको माग बढ्दो छ । युरोप र अमेरिकातिर प्राय: बोक्रा मात्रै जान्छ । नेपालमा गाउँघरमा प्रतिकिलो रु.२५-३० मूल्य रहेको रिठ्ठा बजारसम्म आइपुग्दा प्रतिकिलो रु.५० देखि ६०-७० सम्म पुग्छ । व्यापार तथा निकासी प्रवर्धन केन्द्रको तथ्यांक अनुसार आर्थिक वर्ष २०७२/७३ मा नेपालबाट विश्वका १४ देशमा रिठ्ठा निर्यात भएको रेकर्ड छ । उक्त वर्ष ती देशमा २ करोड ३० लाख रुपैयाँ बराबरको ७ लाख १५ हजार ७८० किलो रिठ्ठा निर्यात भएको थियो । त्यसयता रिठ्ठाको निर्यात बढ्दो छ, घट्दो छैन । दुई वर्षअघि जडीबुटी व्यवसायीले गरेको अध्ययनमा दुई हजार टन रिठ्ठा निकासी भएको पाइएको थियो । बजार मूल्यमा हेरियो भने यो १२ देखि १४ करोड हुनआउँछ । आव २०७५/७६ यता पश्चिम नेपालबाट १०० टनभन्दा बढी भारत निर्यात हुने जडीबुटीमा रिठ्ठा पहिलो नम्बरमा छ ।

**नेपाल चुकेको विषय**

नेपालमा चिउरी लगायत अन्य जडीबुटीमा आधारित केही साबुनफ्याक्ट्री भए पनि रिठ्ठालाई कच्चा पदार्थ बनाएर खोलिएका फ्याक्ट्री छैनन् भन्दा पनि हुन्छ । जति साबुन र स्याम्पूफ्याक्ट्री छन् धेरै केमिकलमा आधारित छन् । हामीले यताबाट 'केही मात्र आफूले प्रयोग गरेर' रिठ्ठाको फल कौडीको भाउमा रमाएर बेचिराखेका छौं ।

उताबाट महँगा साबुन स्याम्पू र औषधि बनेर हाम्रै घरमा भित्रिइराखेको छ । तीन करोड जनताको खपतलाई ख्यालमा राखेर एउटा प्रजाति रिठ्ठा प्रयोग गरेर साबुन र स्याम्पू बनाई देशलाई साबुनमा आत्मनिर्भर बनाउन सके तथा जनतालाई स्वस्थ राख्न सके कति अर्ब राष्ट्रको ढुकुटी जोगिंदो हो ? चलिराखेका उद्योग बेच्नेहरू तथा केमिकल संसारमा रमाइराखेको जगतलाई यो कथा सुनाउनुको कुनै तुक होला र ? दु:ख लाग्छ । सानो लगानीमा खोल्न सकिने लघु उद्यमबाट पनि प्राकृतिक साबुन र स्याम्पू उत्पादन सजिलै सम्भव भएकोले स्थानीय तहको हस्तक्षेपकारी लगानी अबको मुख्य कदम हुनुपर्दछ ।

**खेतीका लागि सरकारी सहयोग**

वन तथा वातावरण मन्त्रालय अन्तर्गतका वनस्पति विभाग, वनस्पति विभाग अन्तर्गतका अनुसन्धान केन्द्र र डिभिजन/सब डिभिजन वन कार्यालयहरूले रिठ्ठाको खेती गर्नका लागि कृषकहरूलाई प्रोत्साहन र व्यावसायिक उत्पादन गर्ने किसानलाई सहयोग गरिरहेका छन् । रिठ्ठाको व्यावसायिक उत्पादन गर्ने किसानलाई सामुदायिक वन समूह तथा जडीबुटी समूह मार्फत विभिन्न अनुदान, सहुलियत र प्राविधिक सहयोग उपलब्ध गराउने गरिन्छ । देशैभर केही गैरसरकारी संस्थाहरूले पनि आय आर्जनका रूपमा रिठ्ठा लगायतका जडीबुटी खेतीलाई प्रवर्धन गरेको देखिन्छ । खेती गर्न चाहने किसानलाई वनस्पति विभाग र सो अन्तर्गतका सात वनस्पति अनुसन्धान केन्द्रहरूले वैज्ञानिक सल्लाह एवं तालिम पनि दिंदै आएका छन् । विशेषत: वनस्पति अनुसन्धान केन्द्र सल्यानले बीसौं वर्षयता रिठ्ठाको खेती प्रवर्धन तथा प्राविधिक सहयोग गर्दै आइरहेको छ । दाङ, रोल्पा, प्युठान तथा तल्लो कर्णालीका रुकुम, सल्यान आसपास हुनुहुन्छ वा यी जिल्लाहरूमा खेती गर्न चाहनुहुन्छ भने रिठ्ठाको खेतीका लागि केन्द्रमा सम्पर्क गर्न सकिन्छ । सुदूरपश्चिमका जिल्लाका लागि वनस्पति अनुसन्धान केन्द्र कैलालीमा सम्पर्क गर्न सकिन्छ । अनुसन्धान केन्द्र कैलालीले पकेट क्षेत्र विस्तारको रूपमा अछाम, दार्चुला र बाजुरासम्म पनि आफ्ना कार्यक्रम लगेको छ । अन्त्यमा, खाद्य बाली उत्पादन नहुने भिरालो, खरबारी र बाँझो जमिन पनि सदुपयोग गर्दै वातावरण संरक्षणमा समेत सहयोग पुग्ने गरी रिठ्ठाको खेती गर्न सकिने भएकोले बेरोजगार, पढेर स्वरोजगार हुन चाहने, देशमै हुने, विदेशमा भएर पनि देशमा केही गर्न चाहने तथा फर्केर देशमै आत्मनिर्भर हुन खोज्ने सबैको रोजाइ बन्न सक्छ रिठ्ठा खेती । तसर्थ, १०० बोट टिमुर, सुगन्धकोकिला, रिठ्ठा तथा अन्य महत्वपूर्ण रूख या जडीबुटी हुर्किने जमिन छ भने मन कुँडाएर विदेशको चर्को घाम खाइरहनुपर्दैन । आँट गर्नुहोस् हामी साथमा छौं ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्यको थालनी होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । | **तुला** : कमजोर भएको अनुभूति हुनेछ । अरूको वचन टाल्न नसक्दा दु:ख पाइनेछ । |
| **वृष** : सवारी साधन प्राप्तिको योग छ। आँटेको र ताकेको कार्य पुरा होला । | **वृश्चिक** : आँटेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । |
| **मिथुन** : मन अस्थिर रहने संकेत देखिन्छ। लेनदेनमा सजगता अपनाउनु पर्नेछ । | **धनु** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। विश्वास गरेकाले साथ दिनेछन् । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइएला। दाम्पत्य जीवन सुखमय रहनेछ । | **मकर** : श्रमको उचित मूल्यांकन हुनेछ। पठनपाठनमा प्रगति हुनेछ । |
| **सिंह** : शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ । | **कुम्भ**: प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । |
| **कन्या** : कार्यमा सफलता पाइनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । | **मीन** : चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ । शुभ कार्यमा मन पनि जानेछ। |

## कला मनोरञ्जन

# फिल्म 'सतीदेवी' दोस्रो पोस्टर सार्वजनिक



फिल्म 'सतीदेवी' आगामी साउन ४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले फिल्मको दोस्रो पोस्टर सार्वजनिक गरेको छ । पोष्टरमा फिल्मको शीर्ष भूमिकामा रहेकी अभिनेत्री मलिका महतले नवजात शिशुलाई स्तनपान गराइरहेकी छिन् । उनका आँखाबाट बलिन्द्र आँसु झरिरहेका छन् । केही अगाडि सार्वजनिक फिल्मको फष्टलुक्समा मलिकालाई कालो मोसो र जुत्ताको माला लगाएर गाउँलेहरूले लखेटी रहेका थिए, यसमा उनी रुँदै स्तनपान गराइराछिन् । यसले फिल्ममा उनी बच्चाकी आमाको भूमिकामा छिन् कि भनेर दर्शकमा कुतुहलता जगाएको छ ।

पोष्टरमा मलिकासँगै दुई बाल कलाकार हर्षिका वली र मन्जीला बाँनिया रोइरहेका छन् । हर्षिका हातमा चप्पल समातेर निकै बिछिप्त अवस्थामा छिन् भने बरर आँसु झारेकी मन्जिलाको हातमा सानो हाँगा छ । फैलिएको हाँगो माथि एउटा पुतली उड्दैछ । यसले छोरीहरू स्वतन्त्र उडान गर्न चाहन्छन् भन्ने सङ्केत गरेको अनुमान गर्न सकिन्छ । पोस्टरमा 'छोरी पुजौं छोरी बुझौं यिनै संसार सारा' उल्लेख समेत गरिएको छ । फिल्म लक्ष्मण सुवेदीले निर्देशन गरेका हुन् ।

फिल्मले महिला, दलित र अपहेलितको कथा भन्छ । बाबुछोरीको कथा समेत भन्ने फिल्मले समाजमा हुने छोराको चाहना, छोरीको महत्वलगायतको विषय समेत गहिरिएर देखाउने निर्देशक सुवेदी बताउँछन् । फिल्ममा मलिकाको अलवा सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोलाराज सापकोटा लगायतको अभिनय छ । गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनको प्रस्तुति रहेको फिल्मको निर्माता श्रीदेवी सुवेदी हुन् । फिल्मको लेखन, गीत, निर्माण समेत सुवेदीकै हो । निर्देशक, निर्माता सुवेदीले 'सतीदेवी' आफ्ना स्वर्गवासी आमा-बाको सम्झनामा समर्पित गरेका छन् ।

फिल्मले सौराहा दक्षिण एसियाली फिल्म फेष्टिबलमा सर्वोत्कृष्ट फिल्म, शिव रेग्मी सर्वोत्कृष्ट निर्देशक तथा तेस्रो नेपाल ग्रामीण फिल्म फेस्टिभलमा सर्वोत्कृष्ट फिल्म, सर्वोत्कृष्ट स्क्रिप्ट र सर्वोत्कृष्ट अभिनेत्री जुरी मेन्सन अवार्ड जितेको थियो ।

*-रातोपाटी डटकम*

# 'आफ्नै फिल्म चलेजसरी पुलकित भएकी छु'



पछिल्लो साताका फिल्म 'फर्की फर्की' र 'पुजार सार्की'ले दर्शकलाई हलसम्म फर्काउन सफल भए । नेपाल मात्र होइन विदेशस्थित नेपाली डायस्पोरामा समेत यी दुई फिल्मको कमाइ उत्कृष्ट देखिएको छ । यी दुई भिन्न जनराका फिल्मप्रति दर्शकीय आकर्षणले विविध जनरामा फिल्म बन्नुपर्छ भन्ने सन्देश पनि दिन्छ । यस वर्षको सुपरहिट फिल्म 'बोक्सीको घर'को व्यापारले धेरै कलाकार र मेकरलाई उत्साह पनि दिएको छ । यस्तोमा अभिनेत्री वर्षा राउतले 'फर्की फर्की' र 'पुजार सार्की' चल्दा आफू आफ्नै फिल्म चलेजसरी पुलकित भएको बताएकी छिन् । राम्रो फिल्म बनाउँदा त्यसको स्वाद चाख्ने दर्शक उल्लेख्य रहेको समेत उनले बताएकी छन् ।

फिल्म हलमा देखिएको दर्शकीय भीडले यो तर्कलाई प्रमाणित गरेको वर्षाको भनाइ छ । उनी फेसबुकमा लेख्छिन्, 'दर्शकको प्रेम नै कलाकारको सबैभन्दा ठूलो सम्पत्ति हो । कुनैबेला कोरोनाले थलिएको नेपाली फिल्म क्षेत्र पछिल्लो समय जुर्मुराएको सुन्दा खुसीको सीमा छैन ।

म स्वयं कलाकारका हिसाबले चलचित्र उत्सव-महोत्सवमा सहभागी हुने मौका कमै पाएको छु । तर केही समययता सिनेमा हलमा दर्शकको ओइरो देख्दा म मेरै फिल्म चलेजसरी पुलकित भएकी छु ।' उनी अगाडि लेख्छिन्, 'सिनेमा हलमा फर्किएको यो बहार, उत्साह, उमंगलाई हामीले आज उत्सवका रुपमा मनाएर मात्रै हुँदैन, भविष्यसम्म जोगाइरहन सक्नुपर्छ । राम्रो सिनेमा दियौं भने त्यसको स्वाद चाख्ने दर्शक त रहेछन् त । सिनेमा हलमा देखिएको हाउसफुल दृश्यले फेरि यो तर्कलाई प्रमाणित गरिदिएको छ । अब समग्र चलचित्र क्षेत्र यसलाई मनन् गर्दै अघि बढ्नुपर्छ ।'

*-अनलाइन खबर डटकम*

# 'लण्डन टु पेरिस'को त्रिकोणात्मक प्रेम सम्बन्ध



**काठमाडौं।** यही जेठ २५ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र 'लण्डन टु पेरिस' को ट्रेलर सार्वजनिक भएको छ । आइतवार ओएसआर डिजिटलको युट्यूब च्यानलमार्फत तीन मिनेट लामो सार्वजनिक ट्रेलरमा त्रिकोणत्मक प्रेम सम्बन्धको झल्को झलक देखिन्छ । घनश्याम लामिछाने निर्देशित यो चलचित्रको ट्रेलरमा डेब्यू अभिनेता निश्चल खड्काको अभिनेत्री साम्राज्ञी आरएल शाह तथा डेब्यू अभिनेत्री गरिमा शर्मासँगको त्रिकोणात्मक प्रेम सम्बन्धलाई देखाइएको छ । निश्चलको साथीको रूपमा देखिनुभएका कविरलाई पनि ट्रेलरको अन्तिममा गरिमाको प्रेममा परेको देख्न सकिन्छ ।

चलचित्रले ट्राभल लभ स्टोरीको कथा प्रस्तुत गरेको छ । चलचित्रको कथा, पटकथा र संवाद प्रदीप भारद्वजले लेख्नुभएको हो । चलचित्रमा साम्राज्ञी, निश्चल र गरिमासहित कविर खड्का, रुष्मा थापा, मनिश श्रेष्ठ तथा मनिष गान्धीको प्रमुख अभिनय छ । एबी इन्टरनेशनलको प्रस्तुति रहेको यो चलचित्रमा गौतम प्रोडक्शन र अर्चिड भेस फिल्मस् लिमिटेडको निर्माण सहकार्य रहेको छ । अमित बस्नेतले निर्माण गरेको यो चलचित्रमा आरोन बस्नेत, एरियाना बस्नेत तथा परी राना निर्माताका रूपमा रहनुभएको छ ।

सनिश खकुरेल र अजित केआर थापा फिल्मको सहनिर्माता हुनुहुन्छ भने अंकित गौतम, सुरज कुँवर र विजय भण्डारी यसका कार्यकारी निर्माता हुनुहुन्छ । चलचित्रमा अभेद परवको डिओपी, हर्कुलश बस्नेत, एसडी योगी, बियोण्ड र सलिन मगरको संगीत, सजु चन्द्रनको सम्पादन, सुजिल कर्माचार्यको पार्श्व संगीत, लंगनेस फर्नाण्डेजको कोरियोग्राफी, साहिल खानको ट्रेलर, विजय बस्यालको पोस्टर डिजाइन रहेको छ । फिरोज खड्का मुख्य सहायक निर्देशक रहेको यो चलचित्रलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मस्ले वितरण गर्दैछ ।

*-इहिमालय टाइम्स*

# प्रदीपको अभिनयको आडमा अडेको सिनेमा



व्यवस्था बदलियो, व्यवस्था बदल्नेको जीवनशैली बदलियो । तर, आमजनताको अवस्था बदलिएन । व्यवस्था बदल्नेको विचार बदलियो, सिद्धान्त बदलियो । तर, आमजनताले के पाए ? जात व्यवस्थाको विरोधमा क्रान्तिमा होमिएका युवाले के पाए ? धेरै ठूलो परिवर्तन होइन, अन्तरजातीय विवाह गर्न समेत परिवर्तित व्यवस्था 'प्रजातन्त्र'मा नपाएको कथा नै चलचित्र 'पुजार सार्की'को मुख्य कथानक हो । वि.सं. २०४६ सालको जनआन्दोलनको सेरोफेरोको टाइफ्रेमको कथा भनेको चलचित्रले समाजमा दलित भएर बाँच्न कति कठिन छ ? कथित माथिल्लो जातले तल्लो र तल्लोले माथिल्लो जातका युवायुवतीसँग विवाह गर्न कति कठिन छ ? परिवार र समाजले कतिसम्म अवरोध सिर्जना गर्छ भन्ने विषयको वरिपरि 'पुजार सार्की'को कथा घुम्छ । सोझासिधा जनतालाई कसरी झुटो आश्वासन दिएर क्रान्तिमा सामेल गराइन्छ र अन्तत: आफ्नो स्वार्थसिद्ध हुने भएपछि कसरी पाखा लगाइन्छ भन्ने कथा सिनेमाले भन्छ । यो कथा भन्न निर्देशकले अन्तरजातीय विवाहलाई अगाडि सारेका छन् । एक पण्डितले कथित तल्लो जातकी युवतीसँग विवाह गर्न चाहँदा झेल्नुपर्ने पारिवारिक र सामाजिक दबाब तथा एक दलित युवकले आफूभन्दा उपल्लो जातकी युवतीसँग विवाह गर्न खोज्दाको संघर्षलाई निर्देशकले सामाजिक प्रतिष्ठा, धर्म, राजनीति र क्रान्तिसँग जोडेर देखाएका छन् । यसको आरोह-अवरोहमा सिनेमा घुम्छ । सिनेमाको कथा नयाँ र नौलो होइन । तर, हाम्रै घरसमाजको कथा हो । हामीले नै देख्दै भोग्दै आएका घटना हुन् । आफू बाँचेकै परिवेशमा आफ्नो साथीसँगी र आफन्तले भोगेका समस्या हुन्, देखेका घटना हुन् । त्यसैले कथा मौलिक छ । आफ्नै माटोको कथा सिनेमाले भन्ने प्रयास गरेको छ । तर, नयाँ होइन । यसअघि पनि यस्तै कथा धेरै सिनेमाले भनिसकेका छन् । कथा एउटै भए पनि त्यसलाई निर्देशकले कसरी भन्छ, त्यसले अर्थ राख्छ । कुन कथ्यशैली प्रयोग गरेर कथा भन्ने त्यसले सिनेमाको टेस्ट र स्तर निर्धारण गर्छ । पुरानो कथा भन्न निर्देशक दिनेश राउतले धेरै प्रयोग गर्न खोजेका छैनन् । माया, प्रेम, प्रेममा नोकझोक, परिवार र समाजको त्रास, गीत यही शैलीमार्फत उनले कथा भनेका छन् । संवादको छायामा दृश्यलाई राख्दै उनले कथा प्रस्तुत गरेका छन् । र, त्यही टिपिकल संवादले सिनेमालाई बचाएको छ । गम्भीर कथावाचन गर्दागर्दै मैतबहादुर 'प्रदीप खड्का'को चरित्रले दर्शकलाई हँसाइरहन्छ । यो चरित्रको संवाद र शैलीले दर्शकलाई इंगेज गराइरहन्छ । कथा भन्न निर्देशकले मैतबहादुरसँगै पुजार 'आर्यन सिक्देल' र मेघराज 'पल शाह' तथा मैया 'अञ्जना बराइली' र गौमाया 'परीक्षा लिम्बू'लाई रोजेका छन् । प्रदीप खड्काको अभिनयले दर्शकको ध्यान सहजै खिच्छ । उनले आफूलाई अब्बल दर्जाको अभिनेताका कोटीमा उभ्याएका छन् । 'प्रकाश'बाट चरित्र अभिनेताका रूपमा पनि देखिन थालेका उनले यो चलचित्रमा आइपुग्दा आफू भर्सटाइल भएको प्रमाणित गरेका छन् । आर्यन, पल, अञ्जना र परीक्षाले पनि चरित्रलाई न्याय गरेका छन् । सिनेमामा केही विम्ब छन्, जसले कथा भन्ने प्रयास गरेको छ । आशा र भरोसा छउन्जेल शिरमा राखेको फूल उत्तरार्धतिर भुइँमा फालेर कुल्चिएको दृश्य छ । समाजको उल्झनले भरोसा टुटेको अवस्थामा डढेलो लागेको पहाडमा हिँड्ने पात्रका दृश्यले सिनेमालाई सुन्दर बनाएको छ । तर, त्यही चेत कथा र भावनाअनुसार सिनेमाभरि देखिँदैन । यो निर्देशकको कमजोरी हो । लापरबाही हो । निर्देशक राउत क्रमश: विषयप्रधान सिनेमामा ढल्दै गरेका सर्जक हुन् । त्यो ग्राफ 'पुजार सार्की'मा पनि देखिन्छ । तर, सिनेमा संवाद मात्र होइन । दृश्यले पनि कथा भन्न सकिन्छ क्यामेराका एंगलले पनि कथा भन्न सकिन्छ । एकैखालका दृश्य, कलर र ब्लकिङले कतिपय अवस्थामा झिँजो पनि लाग्छ । यसमा सचेत हुने ठाउँ हुँदाहुँदै पनि धेरै ध्यान दिएको पाइँदैन । अक्सर व्यक्ति पारिवारिक, आर्थिक अवस्था, समय र कामानुसारको पहिरनमा हुन्छ । कतिपय अवस्थामा चिटिक्क पर्छ भने कहिलेकाहीँ धुस्रैफुस्रै हुन्छ । कस्ट्युममा त्यति धेरै सचेत छैन, 'पुजार सार्की' । साउन्डमा सिनेमा ठिक छ । ब्याकग्राउन्ड स्कोरमा पनि ध्यान दिइएको छ । कतिपय सिनमा मौलिक ब्याकग्राउन्ड स्कोरले आनन्द दिन्छ ।विकास सुवेदीले लेखेको कथा भन्न गीतसंगीतले सहयोग गरेको छ । पात्रको मनोभाव बोल्ने गीतले सिनेमालाई उठाएको छ । तर, 'दर्शन गरैं...' गीतलाई सिनेमाको प्रोमोसनल मात्र बनाएको भए अझै राम्रो देखिने कथा र कथ्यशैली छ । समय र मुड सिनेमेटोग्राफरले क्याप्चर गर्छन् । तर, सिनेमेटोग्राफरले आफ्नो कुशलता प्रदर्शन गर्ने विषयप्रधान सिनेमामा नै हो । संवादले भन्न नसकेको कथा कुशल सिनेमेटोग्राफरले क्यामेराबाट भन्न सक्छन् । यसमा उल्लेखनीय काम भएको छैन ।

सिनेमा जसरी उत्तरार्धअगाडिसम्म राजनीतिक र जातीय एजेन्डाबाट जोगिएको छ, उत्तरार्ध र क्लाइमेक्समा पुग्दा लरबराउँछ । र, जातीय एजेन्डा बोकेजस्तो अनुभूत गराउँछ । राजनीति र जातीय विभेदको कथा भन्न अन्तरजातीय प्रेमसम्बन्ध र विवाहलाई माध्यम बनाइएको सिनेमा विषयप्रधान चलचित्र हेर्न रुचाउनेको रोजाइमा पर्न सक्छ । 'पुजार सार्की' प्रदीप खड्का र मौलिक संवादले जोगाएको सिनेमा हो । प्रदीपले सिनेमाको पूरै अवधिभर दर्शकलाई आफूबाट अन्त जान दिँदैनन् । त्यसैले मौलिक सिनेमा मन पराउने र प्रदीपका फ्यानले ढुक्क भएर हेर्न सक्ने चलचित्र हो, 'पुजार सार्की' ।

*-बाह्रखरी डटकम*

# साम्राज्ञीलाई स्टारडम 'रिन्यू' गर्ने इच्छा !



फिल्म 'फर्की फर्की'बाट सुपरस्टार अनमोल केसीले अघिल्लो फिल्म 'छड्के २'बाट गुमेको स्टारडम फर्काएपछि अब उनकै फिल्म 'ड्रिम्स'बाट डेब्यु गरेकी अभिनेत्री साम्राज्ञी आरएल शाहलाई पनि आफ्नो नयाँ फिल्म 'लण्डन टू पेरिस'बाट स्टारडम 'रिन्यू' गर्नुपर्ने चुनौती रहेको टिप्पणी भैरहेको छ । अघिल्ला केही फिल्महरु असफल हुँदा उनको करिअरलाई नै प्रत्यक्ष रुपमा असर पारेको छ ।

सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा साम्राज्ञीलाई पत्रकारले सोधेका थिए, 'तपाईंलाई अब स्टारडम 'रिन्यू' गर्नुपर्छ भन्ने बोध भएको छ ?' उनले यसलाई स्वभाविक मानिन् । उनले भनिन्, 'सायद त्यो सबैजनालाई हुन्छ । त्यो हाम्रो मानवीय स्वभाव हो । सबैलाई राम्रो गर्न मन लाग्छ । राम्रो कामलाई सबैले मन पराइदिउन्, माया गरिदिउन् भन्ने त भइहाल्छ नि । यो स्वभाविक नै हो ।'

साम्राज्ञी डेब्यु फिल्मदेखि शहरीया चरित्रमा सीमित छिन् । तर, यो आफ्नो इच्छा नभएको उनको जिकिर छ । उनी भन्छिन्, 'शहरी चरित्रमा मैले आफूलाई राखेको होइन । मलाई राखिएको हो । मलाई एउटा जनरामा सीमित बनाइएको छ । त्यसैले त्यस्तै स्क्रिप्ट आउँछ । मलाई पनि फरक चरित्रमा काम गर्न मन छ । तर, जुन स्क्रिप्ट आउँछ, त्यसबाट छानेर राम्रो लागेकोमा मात्र काम गर्छु ।'

'लण्डन टू पेरिस'को चरित्रमा काम गर्न चुनौतीपूर्ण नभएको साम्राज्ञीको अनुभव छ । तर, फिल्मको कथा फरक रहेको उनको दाबी छ । 'मलाई यो चरित्रमा काम गर्न त्यस्तो केही चुनौतीपूर्ण भएन,' उनी अगाडि भन्छिन्, 'स्क्रिप्ट चाहिँ फरक थियो । मेरो चरित्र ठाडो बोल्ने, छुच्ची, घमण्डी खालको भए पनि कथा फरक छ ।' उनले फिल्मको कथा आफ्नो जीवनसँग पनि थोरै मिल्ने बताएकी छन् ।

यही जेठ २५ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा साम्राज्ञीले फ्रान्सस्थित पेरिस सहरमा बस्ने युवतीको भूमिका निभाएकी छन् । यसै साता सार्वजनिक ट्रेलर हेर्दा उनको भूमिका बोल्ड देखिन्छ । प्रेम र विवाह टुटेपछि विक्षिप्त बनेकी उनको जीवनमा पूर्वप्रेमीको आगमन भएपछि आउने उतार-चढावलाई देखाइएको छ । फिल्ममा उनको जोडी डेब्यु अभिनेता निश्चल खड्कासँग बाँधिएको छ ।

*-फिल्मी खबर डटकम*

# लुम्बिनीलाई 'बर्थिङ' हब बनाइने



**पाल्पा,** जेठ १५/अर्थमन्त्री वर्षमान पुनले बजेटमा गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई बर्थिङ हब बनाइने घोषणा गरेका छन् । लुम्बिनीमा बच्चा जन्माउन चाहाने विदेशी गर्भवती महिलाहरुका लागि बर्थिङ हबका रुपमा प्रवर्द्धन गरिने उनले बजेट प्रस्तुत गर्ने क्रममा जानकारी दिए ।

अर्थमन्त्रीले लुम्बिनीसँगै नेपालमा वैवाहिक डेस्टिनेशन निर्माणका लागि जनकपुरलाई वेडिङ हब बनाइने पनि घोषणा गरे । त्यस्तै चुरेदेखि हिमालसम्मका प्रमुख पर्यटकीय गन्तव्यमा इकोहिल स्टेशन निर्माण गरिने उनले बताए । त्यस्तै ग्रेट हिमालयन ट्रेल, मुन्दुम ट्रेल, गुरिल्ला ट्रेललगायतका पूर्वाधार निर्माण गरिने अर्थमन्त्री पुनको भनाइ छ । त्यतिमात्र होइन, पर्यटकीय क्षेत्रमा हुने जोखिम न्यूनीकरणका लागि सरकारले छुट्टै बजेटको व्यवस्था गर्ने बताए । त्यस्तै मे २९ लाई सगरमाथा दिवस मनाइने र नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धनमा लाग्ने स्वदेशी तथा विदेशी नागरिकलाई सम्मान गर्ने उनले बताए ।

सरकारले पर्यटन क्षेत्रमा ११ अर्ब ९१ करोड बजेट विनियोजन गरेको छ । अर्थमन्त्री पुनले आर्थिक वर्ष २०८१/०८२ को बजेट सार्वजनिक गर्दै पर्यटन क्षेत्रमा सो बजेट विनियोजन गरेको बताएका हुन् ।

# पत्रकारहरुको नामावली कायम गर्न केन्द्रलाई आग्रह

कृष्ण पोखरेल

**पाल्पा,** जेठ १५/ नेपाल पत्रकार महासंघ पाल्पा शाखाले सिफारिस गरेर पठाएका पत्रकारहरुको नामावली कायम गर्न महासंघ केन्द्रलाई आग्रह गरेको छ । शाखाले २०८० साल असार ५ गते सम्पन्न कार्यसमितिको बैठकले सिफारिस गरेका पत्रकारहरुको सदस्यता कायम राख्न लिखित रुपमा आग्रह गरेको हो ।

हालै केन्द्रिय कार्यालयबाट पठाएको पत्रकारहरुको शुद्धिकरणको नाम लिष्टले जिल्लामा विवाद बढाएको, न्योचित नभएको, क्यौ पत्रकारहरु नाम लिष्टमा नपरेकाले कार्य सिफारिस गरेका ७१ जना पत्रकारहरुको नाम लिष्ट कायम गरिदिन शाखाले लिखित रुपमा अनुरोध गरेको छ । जिल्लाको बस्तुस्थितिको बारेमा जिल्ला शाखा नै भुक्तभोगी रहेको अवस्थामा शुद्धिकरणको अवस्था अनुसार पाल्पा कार्यसमितिको असार ५ गतेको बैठकले ९६ पत्रकार सदस्यहरुबाट ७१ जनाको नाम लिष्ट प्रदेश तथा केन्द्रमा




सिफारिस गरेको थियो ।

पत्रकार महासंघ पाल्पाको २०८१ साल जेठ १५ गते बसेको कार्यसमितिको बैठकले विगतमा सिफारिस गरेको ७१ जनाको सदस्यता कायम राख्न केन्द्रिय महासंघलाई आग्रह गरेको छ । यस्तै महासंघ पाल्पा शाखाले एक विज्ञप्ती जारी गर्दै हालै केन्द्रिय महासंघले जारी गरेको शुद्धिकरणको नाम लिष्टमा धेरै पत्रकारहरुको नाम छुटेकाले जिल्ला कार्यसमितिले सिफारिस गरेको नामावली कायम राख्न जोडदार माग गरेको शाखाका अध्यक्ष रेखीराम रानाले बताए ।

केन्द्रले पठाएको शुद्धिकरणको नामावली अनुसार शाखाको दैनिक कामकाज गर्न अफठ्यारो परेको र भविष्यमा हुने महाधिवेशन गर्न समेत कठिनाई रहेकाले महासंघ केन्द्रलाई शाखाले गरेको सिफारिसलाई कायम गर्न आग्रह गरेको सचिव यज्ञमुर्ति तिमिल्सीनाले बताए ।

# सरकारले

यस्तै, सुक्खायामको मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले जलाशययुक्त आयोजना निर्माणलाई पनि विशेष प्राथमिकतामा राखेको छ । निर्माणमा जान ठिक्क रहेको एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने छ । सो आयोजना निर्माणका लागि वित्तीय स्रोतको सुनिश्चितताका लागि दुई वटा ढाँचा प्रस्ताव गरिसकिएको छ । सरकारले नेपाललाई सूचना प्रविधिको हबका रुपमा विकास गर्ने भएको छ । अर्थमन्त्री पुनले आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै सूचना प्रविधि क्षेत्रमा १० वर्षमा ३० खर्बको निर्यात गर्ने अनुमान गरिएको बताए । उनले पाँच लाखलाई प्रत्यक्ष तथा १० लाखलाई अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्यसहित आगामी वर्षलाई सूचना प्रविधि हबको प्रस्थान वर्षकारुपमा अगाडि बढाइने उल्लेख गरे । सरकारले सूचना प्रविधिलाई अर्थतन्त्रको सम्वाहक क्षेत्रका रुपमा स्थापित गर्दै सूचना प्रविधिका नवीनतम प्रविधि अवलम्बन गर्न कानुनी आधार तयार गर्ने भएको बजेटमा प्रस्तुत गरिएको छ । कृत्रिम बौद्धिकताको विकास, प्रवर्द्धन र नियमनको व्यवस्था गर्ने मन्त्री पुनको भनाइ छ । यस्तै सरकारले आगामी वर्ष १६ लाख विदेशी पर्यटक भित्र्याउने घोषणा गरेको छ । यद्यपि सरकारले आगामी वर्ष हालको संख्याको दोब्बर अर्थात् २० लाख पर्यटक भित्र्याउने घोषणा गरेको थियो । बजेट वक्तव्यमा भने १६ लाख पर्यटक भित्र्याउने उल्लेख गरिएको छ ।

**प्रदेश र स्थानीय तहका लागि पाँच खर्ब ६७ अर्ब**

संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट आगामी आर्थिक वर्षमा प्रदेश र स्थानीय तहका लागि पाँच खर्ब ६७ अर्ब बराबर हस्तान्तरण हुने अनुमान गरिएको छ । अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेट वक्तव्यअनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदानतर्फ सैंघ सरकारले प्रदेशका लागि ६० अर्ब तथा स्थानीय तहका लागि ८८ अर्ब विनियोजन गरिएको छ । सशर्त अनुदान प्रदेशका लागि २५ अर्ब ८४ करोड र स्थानीय तहका लागि दुई खर्ब आठ अर्ब ८८ करोड गरी जम्मा दुई खर्ब ३४ अर्ब ७३ करोड बराबर हस्तान्तरणका लागि विनियोजन गरिएको छ । समपूरक अनुदानतर्फ प्रदेशलाई रुछ अर्ब २० करोड र स्थानीय तहलाई सात अर्ब विनियोजन गरिएको छ । साथै विशेष अनुदानतर्फ प्रदेशका लागि चार अर्ब ४० करोड र स्थानीय तहका लागि आठ अर्ब ५० करोड बराबर विनियोजन गरिएको छ ।

**तरकारी र फलफूलमा लगाइएको कर खारेज**

अर्थमन्त्री पुनले आलु प्याज, स्याउलगायत तरकारी तथा फलफूलमा लगाइएको मूल्य अभिवृद्धि कर खारेज गरेको बताएका छन् । उनले बजेट प्रस्तुत गर्दे कर खारेजीबाट स्वदेशी उत्पादन संरक्षणमा टेवा पुग्ने बताए । त्यस्तै, मदिरा, बियर, सुर्ती र चुरोटमा लगाइएको अन्तशुल्क दरमा भने वृद्धि गरिएको बताए ।

## खेलकुद समाचार

# मेरो सपना पूरा नभए पनि देशको सपना पूरा भयो



**काठमाडौं,** जेठ १५/अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपमा सहभागिता जनाउन नपाएका क्रिकेटर सन्दीपले लामिछानेले आफ्नो सपना पूरा नभए पनि देशको सपना पूरा भएको बताएका छन् ।

अमेरिकाले भिसा दिन अस्वीकार गरेपछि खेल्न जान नपाएका सन्दीपले सामाजिक सञ्जालमा यस्तो लेखेका हुन् । 'इमान्दारीपूर्वक भन्नुपर्दा मेरो सपना पूरा नभए पनि म के कुरामा खुशी छु भने मेरो देशको सपना पूरा भएको छ', सन्दीपले सामाजिक सञ्जालमा लेखेका छन् ।

बलात्कार मुद्दामा पाटन उच्च अदालतबाट सन्दीपले सफाइ पाएका थिए । तर उनलाई नेपालस्थित अमेरिकी दूतावासले भिसा दिन अस्वीकार गरेको हो । सन्दीपलाई किन भिसा नदिइएको भनेर दूतावासले केही खुलाएको छैन । नेपालले दोस्रोपटक क्रिकेट विश्वकप खेल्न लागेको हो ।

नेपालले टी-२० विश्वकपमा छनोट हुँदा यूएईलाई पराजित गरेको समयको आफ्नो फोटो शेयर गर्दै सन्दीपले यस्तो लेखेका हुन् । नेपाल विश्वकपमा छानिँदा सन्दीपले ४ ओभरमा १ मेडन राखेर १४ रनमात्रै दिँदा दुई विकेट लिएका थिए । टी-२० विश्वकप १ देखि २९ जुनसम्म चल्नेछ । जहाँ २० वटा देशले भाग लिँदैछन् । समूह डीमा रहेको नेपालले दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्याण्ड्ससँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# दराजबाट सामान किन्दा ग्लोबल बैंकका ग्राहकलाई छुट




**पाल्पा,** जेठ १५/ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकलाई दराजबाट अनलाइनमार्फत् सामान किन्दा १५ प्रतिशतसम्म छुट दिने भएको छ । योजनाअन्तर्गत बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत् सामान खरिद गर्ने ग्राहकले १५ प्रतिशतसम्म छुट पाउने भएका हुन् । आगामी तीन महिनासम्म सञ्चालनमा हुने योजनामा बैंकको डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत वा पाँच सय रुपैयाँसम्म र क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत वा सात सय ५० रुपैयाँसम्म छुट पाउने छन् । बैंकले दराजसँगको सहकार्यमा आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्तालाई विशेष योजनाहरू सार्वजनिक गर्दै आएको छ ।यसअघि पनि तीन महिना सञ्चालनमा रहेको यस छुट योजनामा उत्साहजनक सहभागिता भएकाले यो योजना पुन: सञ्चालन गरिएको बैंकले जनाएको छ । यो योजना जेठ १३ गतेदेखि ३ महिनासम्म सञ्चालनमा रहने छ । बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरुले १० प्रतिशत वा रु.५०० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरुले १५ प्रतिशत वा रु.७५० सम्म छुट पाउने छन् । यस योजना अवधिभर हरेक महिना १० वटासम्मको खरिदमा यो छुट पाइने छ । ग्लोबल आइएमई बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरुलाई विशेष विशेष योजनाहरु सार्वजनिक गर्दै आएको छ । बैंकले आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई